# शुद्धोधन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लवनी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :०७७/७८
चलानी नं. १४५९

मिति :२०७७/०३/१८

विषयः भुक्तानी निकासा बन्द हुने सम्बन्धमा।

श्री वडा कार्यालय/स्वास्थ्य संस्था/विद्यालय/विषयगत शाखाहरु
श्री सेवाग्राहीहरु/उपभोक्ता समिति/निर्माण व्यवसायी/संघ संस्था/सप्लायर्सहरु
शुद्धोधन गाउँपालिकासँग सम्बन्धित सम्पूर्ण।

महालेखा नियन्त्रक कार्यालय (कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा) को च. नं. ३६६ मिति २०७८/०३/१७ को पत्रानुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम (७) ले प्रदेश र स्थानीय सरकारको हकमा आर्थिक बर्ष समाप्त हुनु भन्दा सात दिन अगावै भुक्तानी निकासा बन्द गर्ने व्यवस्था गरेको र मिति २०७८/०३/१५ को माननीय उपप्रधान तथा अर्थ मन्त्रीस्तरीय निर्णयबाट एक साता अगावै भुक्तानी निकासा बन्द गराउनुहुन निर्णय भई आएको हुँदा यस शुद्धोधन गाउँपालिकामा पनि मिति २०७८/०३/२४ गते देखि सम्पूर्ण भुक्तानी बन्द हुने व्यहोरा जानकारी गराउँदै २०७८/३/२४ गते भित्र यस शुद्धोधन गाउँपालिकामा सम्झौता भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको अन्तिम भुक्तानी लिई सक्नु पर्नेछ। सो अवधी पश्चात पेश हुन आएका कागजात उपर संघ तथा प्रदेश सरकारले थप निर्देशन गरेको अवस्थामा बाहेक कार्यालय जवाफदेही नहुने व्यहोरा सूचीत गरिन्छ।

पुनश्चः सेवाग्राहीहरुको समस्यालाई मध्ये नजर गर्दै शुद्धोधन गाउँपालिका कार्यालय बिहान ८ बजे देखि बेलुका ६ बजेसम्म तथा शनिवार समेत खुल्ला रहने व्यहोरा जानकारी गराईन्छ।

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत